मिति: २०८२/०६/०१

श्रीमान् अध्यक्षज्यू,
जनमत पार्टी

विषय: नेतृत्व परिवर्तन सम्बन्धमा

देशमा व्याप्त भ्रष्टाचार, परिवारवाद, नातावाद, कृपावाद र कुशासनको विरुद्ध २०८२ भदौ २३ र २४ गते "जेन-जी" युवा पुस्ताले सञ्चालन गरेको आन्दोलनले नेपालको वर्तमान राजनीतिक परिदृश्यमा एक ऐतिहासिक मोड प्रदान गरेको छ। उक्त आन्दोलनले विशेषगरी सत्तारूढ गठबन्धन सरकार, प्रधानमन्त्री, गठबन्धनका शीर्ष नेताहरू तथा प्रमुख प्रतिपक्षी दलका नेताहरूको अकर्मण्यता र अनियमितता विरुद्ध गम्भीर प्रश्न उठाएको छ।

देशको राजनीतिक, सामाजिक तथा प्रशासनिक प्रणालीमा व्यापक शुद्धीकरणको आवश्यकता दिन प्रतिदिन तीव्र रूपमा महसुस भइरहेका बेला, जनमत पार्टीले समेत आत्मसमिक्षा गर्दै परिवर्तनको मार्ग अपनाउनु अत्यावश्यक भइसकेको छ।

जनताको अथक भरोसा र समर्थनले जनमत पार्टीलाई राष्ट्रिय पार्टीको मान्यता दिलाएको हो। तर, पछिल्लो समय पार्टीको शीर्ष नेतृत्वबाट देखिएको कमजोर कार्यशैली, निर्णय प्रक्रियामा पारदर्शिताको अभाव तथा जनभावनासँग विमुख गतिविधिहरूले पार्टीको मूल उद्देश्य, विचार र कार्यकर्ताको मर्मअनुसार अगाडि बढ्न नसकेको स्पष्ट देखिन्छ।

यस परिस्थितिमा पार्टीको समग्र हित, राजनीतिक विश्वसनीयता र जनआस्थाको पुनःस्थापनाका लागि नेतृत्व परिवर्तन अपरिहार्य भएको निष्कर्षमा पुग्दै हामी निम्न हस्ताक्षरकर्ताहरू, पार्टीका जिम्मेवार पदाधिकारीहरूको हैसियतले, जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउत (सि.के. राउत)ज्यू र संगठन विभाग प्रमुख डा. जयकान्त राउतज्यूले २४ घण्टाभित्र आफ्नो पदबाट स्वेच्छिक राजीनामा दिनुहुन हार्दिक अनुरोध गर्दछौं।

तपाईंहरूद्वारा मार्ग प्रशस्त गरिएमा पार्टीलाई थप सशक्त, लोकतान्त्रिक, जवाफदेही र जनउत्तरदायी संस्थामा रूपान्तरण गर्ने अभियानमा हामी सबै एकजुट भई लाग्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

साथै, पार्टी निर्माणदेखि अहिलेसम्म महत्वपूर्ण योगदान पुर्‍याउनु भएका सम्पूर्ण नेता, कार्यकर्ता तथा आम सदस्यहरूलाई पार्टीको पुनर्गठन र सुदृढीकरणमा आफ्नो सक्रिय भूमिका निर्वाह गर्न पनि आग्रह गर्दछौं।

CamScanner

हामी निम्न पदाधिकारीहरूको तर्फबाट नेतृत्व परिवर्तनको औपचारिक माग प्रस्तुत गर्दछौं:

| क्रमसं | नाम थर | पद |
| --- | --- | --- |
| १ | अब्दुल खान | वरिष्ठ उपाध्यक्ष |
| २ | डा. शरद सिंह यादव | केन्द्रीय प्रवक्ता |
| ३ | संजय कुमार यादव | केन्द्रीय संयोजक, जनमत युवा संघ |
| ४ | सि.के. सिंह | केन्द्रीय संयोजक, स्वास्थ्यकर्मी जनमत संघ |
| ५ | राजाराम चौधरी | वरिष्ठ प्रदेश इन्चार्ज, सुदूरपश्चिम |
| ६ | विक्रम बहादुर बम | राष्ट्रिय परिषद सदस्य तथा केन्द्रीय सदस्य |

CamScanner